स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

प.सं.: २०८१/८२
च.नं.:

मिति : २०८१/०७/०७

**लोकसेवा आयोग तथा शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन सम्बन्धी सूचना।**

आर्थिक तथा सामाजिक रुपले पछाडि परेका समुदाय र व्यक्तिहरुलाई विभिन्न प्रतियोगितात्मक परीक्षाहरुमा सक्रिय रुपमा सहभागी गराउँदै सरकारी सेवा प्रवेशमा जागरुक गराई सरकारी सेवा प्रवेश प्रतिको सकारात्मक भावना अभिवृद्धि गराउने उद्देश्य अनुरुप यस हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोकले आर्थिक वर्ष २०८१/८२ को कार्यक्रम अनुसार यस गाउँपालिकाको आयोजनामा लोकसेवा आयोग तथा शिक्षक सेवा आयोगद्वारा लिइने अधिकृतस्तर वा सो सरह, नायव सुब्बा वा सो सरह, खरिदर वा सो सरहको **अनलाइनमा आधारित तयारी कक्षा निःशुल्क** रुपमा सञ्चालन हुन गइरहेकोले तोकिएको पदका लागि योग्यता पुगेका यस गाउँपालिका क्षेत्रभित्र स्थायी बसोबास भएका इच्छुक व्यक्तिहरुले यस गाउँपालिकाको 'लोक सेवा आयोग तथा शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन निर्देशिका, २०८१' मा भएको व्यवस्था बमोजिम यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा वा **helambuedu@gmail.com** मा तपसिलका कागजातहरुसहित रीतपूर्वक दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै एक जना व्यक्तिले एक पदका लागि मात्र निःशुल्क तयारी कक्षामा सहभागी हुन पाउने छ। महिला, जनजाति, दलित, अपाङ्गता, आर्थिक अवस्था कमजोर लगायत लक्षित वर्गलाई विशेष प्राथमिकता दिइनेछ। तयारी कक्षा सम्बन्धी अन्य जानकारी अर्को सूचनामार्फत जानकारी गराइने छ। थप जानकारीका लागि यस गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा सम्पर्क गर्न सकिने छ।

**तपसिल :**

१. तोएिको ढाँचामा निवेदन
२. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि
३. तोकिएको पदका लागि न्यूनतम योग्यताको शैक्षिक प्रमाण-पत्रहरुको प्रतिलिपि
४. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो १ वटा
५. वडा कार्यालयको सिफारिस

**नोट :** निःशुल्क तयारी कक्षा लिन चाहने व्यक्तिको इन्टरनेट, स्मार्ट मोबाइल वा ल्यापटपको पहुँच तथा भर्चुअल प्रविधिसँग परिचित भएको हुनुपर्नेछ। दरखास्त पेश गरेका व्यक्तिहरु मध्ये प्राथमिकताका आधारमा छनोट गरिनेछ।

..................
**राजुभाइ श्रेष्ठ**
प्रमुख प्रशासकीय अधिकृत